REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

1840 HRS 26/06/2025

CM- AntiDrug

मुख्यमन्त्री प्रेमसिंह तामाङ्ले मानिसहरूलाई नशामुक्त समाज एवम् राज्यको निर्माणका लागि मिलेर काम गर्न अपील गर्नुभएको छ।

आज राजधानी गान्तोकको मनन केन्द्रमा आयोजित लागूऔषध दुरुपयोग तथा अवैध ओसारपसार विरुद्धको अन्तर्राष्ट्रिय दिवसमा आयोजित एक समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्रीले भन्नुभयो, लागूऔषध दुरुपयोगले परिवारलाई प्रभावित गरिरहेको छ, समाजलाई विघटन गरिरहेको छ र हाम्रा युवापुस्ताको भविष्यलाई जोखिममा पारिरहेको छ। उहाँले भन्नुभयो, नशामुक्त सिक्किम अभियान केवल सरकारी पहल मात्र होइन, यो करुणा, जागरूकता र कार्यमा आधारित एक जनआन्दोलन पनि हो।

आफ्नो सम्बोधनमा मुख्यमन्त्रीले नशालुपदार्थको दुरुपयोगको रोगथामका लागि राज्य सरकारले गरेका पहलहरूको विषयमा जानकारी पनि दिनुभयो।

New NH-210

केन्द्र सरकारले सिक्किममा नयाँ राष्ट्रिय राजमार्ग 210 अधिसूचित गरेको छ। हालै प्रकाशित भारतको राजपत्रमा बताइए अनुसार नाम्ची जिल्लाको समरदोङ र मामरिङ हुँदै मल्लीदेखि सिङ्ताम जोड्ने नयाँ मार्गलाई राष्ट्रिय राजमार्ग 210 नामकरण गरिएको छ।

सडक यातायात तथा राजमार्ग मन्त्रालय अनुसार नयाँ राजमार्ग मल्लीको टिस्टापूल नजिकै राजमार्ग 710 बाट शुरु भएर मल्ली बजार, मामरिङ र समरदोङ हुँदै सिङताम नजिकै राजमार्ग 510 सित जोडिने छ।

मन्त्रालय अनुसार नयाँ राजमार्ग 210 को देखरेख राष्ट्रिय राजमार्ग तथा पूर्वाधार विकास निगम लिमिटेडले गर्नेछ।

यो नयाँ राजमार्गले सिक्किममा अन्तर-राज्य सम्पर्क सुधार गर्ने, राज्यको दक्षिण र पूर्वी क्षेत्रमा सहज यात्रा र यातायातको सुविधा प्रदान गर्दै दुर्गम क्षेत्रहरूमा पहुँच बढाउने अपेक्षा गरिएको छ।

## Karmapa-CM

मुख्यमन्त्री प्रेमसिंह तामाङले आज बिहान रुम्तेक धर्मचक्र केन्द्रमा आयोजित परमपावन १७ औं कर्मापा उगेन थिन्ले दोर्जीको ४० औं शुभ जन्मोत्सव समारोहमा सहभागिता जनाउनु भयो।
सिक्किमका जनताको तर्फबाट, मुख्यमन्त्रीले परमपावन कर्मापाको सुस्वास्थ्य एवम् दीर्घायुका लागि प्रार्थना गर्नुभयो।
यसबाहेक, मुख्यमन्त्रीले भर्चुअल रूपमा परमपावनले अध्यक्षता गर्नुभएको पवित्र संघ पूजामा पनि सहभागिता जनाउनुभयो।

## DPIIT Meeting

उद्योग तथा आन्तरिक व्यापार संवर्द्धन विभाग DPIIT का सचिव अमरदीप सिंह भाटियाले मंगलबार सिक्किमलगायत झारखण्ड, नागाल्याण्ड, असम र अरुणाचल प्रदेश राज्यहरूमा मेगा पूर्वाधार परियोजनाहरूलाई प्रभावित गर्ने प्रमुख मुद्दाहरूको समीक्षा गर्न उच्च स्तरीय बैठकको अध्यक्षता गर्नुभयो। केन्द्रीय मन्त्रालयहरू, राज्य सरकारहरू र परियोजनाका वरिष्ठ अधिकारीहरूको उपस्थितिमा सम्पन्न भएको बैठकमा परियोजना अनुगमन समूह (पीएमजी) द्वारा सुगम अन्तर-मन्त्रालय तथा राज्य समन्वयको माध्यमबाट मुद्दाहरूको समाधानलाई तीव्रता ल्याउने कुरामा छलफल भएको थियो।
बैठकमा सिक्किम राज्यमा दुई वटा परियोजनाका दुई वटा मामिलाको समीक्षा भएको थियो, जसको कुल लागत 943 दशमलव 04 करोड रुपियाँ रहेको छ।

## Tikdey Cho Lake

नाम्ची जिल्लाको याङगाङ क्षेत्रमा अवस्थित टिक्दे छो काललाई पुनर्जिवित गरिने भएको छ। क्षेत्र विधायक एवम् विधानसभा उपाध्याक्ष राजकुमारी थापाको विशेष मार्गनिर्देशनमा यस विषयमा आज याङगाङमा एउटा महत्वपूर्ण बैठक बस्यो। ताल सुक्दै गईरहेकोमा स्थानीयवासीको चिन्तालाई सम्बोधन गर्दै आज बसेको बैठकले काललाई सुक्न नदिन र यसलाई पुनर्जिवित गर्नेबारे विविध निर्णय लिएको जानकारी प्राप्त भएको छ।

## Nasha Mukt Bharat Abhiyan-SSB

सशस्त्र सीमा बल योक्सोमले आज निम्न माध्यमिक विद्यालय ताथाङमा नशामुक्त भारत अभियान अन्तर्गत एउटा जागरुकता कार्यक्रम तथा कार्यशालाको आयोजना गऱ्यो। कार्यक्रममा विद्यार्थीहरूलाई नशालु पदार्थका नकारात्मक प्रभावहरूबारे जानकारी गराइएको थियो। यस अवसरमा विद्यार्थीहरूले नशालु पदार्थको सेवनविरुद्ध जनजागरण गर्न ताथाङ गाउँमा ऱ्याली पनि निकालेका थिए।

## Bharatiya Bhasa Saptah

गेजिङ जिल्लाको हि–याङथाङ उच्चत्तर माध्यमिक विद्यालयमा सप्ताहव्यापी भारतीय भाषा सप्ताह आज विविध कार्यक्रमसहित सम्पन्न भएको छ। भारत सरकारको शिक्षा मन्त्रालयद्वारा अघि सारिएको 'भारतीय भाषा ग्रीष्मकालीन शिविर योजना' को प्रेरणाबाट सञ्चालन गरिएको यस शिविरले विद्यार्थीहरूलाई भाषिक विविधता, सांस्कृतिक सम्पदा तथा अभिव्यक्तिको अभ्यासमार्फत बहुभाषिकताको महत्त्वबारे जानकारी दिएको थियो।